म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक ५६ सोमबार, १३ असोज २०८२ ने. सं. ११४५ कौलाथ्व 29 September 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

बिजया दशमीको शुभकामना

बिजयादशमी २०८२ को शुभ उपलक्ष्यमा सम्पूर्ण पाठकवृन्द, विज्ञापनदाता, शुभेच्छुक र बिक्रेताहरुमा सुख, समृद्धि र दीर्घायूका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

*साथै, दशैं बिदाका कारण साझाकुराको अर्को अंक असोज २३ गते प्रकाशित हुने जानकारी गराउँदछौं ।*

सरला खनाल (सम्पादक) एवम्
साझाकुरा *राष्ट्रिय दैनिक, परिवार*
हेटौंडा-१, चौकीटोल

## यो वर्ष कुलेखानी जलाशय भरिन मुस्किल

साझाकुरा संवाददाता

हेटौंडा, १२ असोज/ गतवर्ष कुलेखानी भरिएर जलाशयको ढोका खोलिएको दिन अर्थात् असोज १२ गतेसम्म कुलेखानी जलाशयको सतह पिँधमा छ ।

गतवर्ष असोज १२ गते कुलेखानी भरिएर जलाशयको ढोका खोल्दा तल्लो तटीयक्षेत्रको सडक र दुई दर्जन भन्दा बढी घर बगाएको थियो । तर, अहिले कुलेखानी जलाशय भरिन अझै २६ मिटर बाँकी छ । यो वर्ष कुलेखानी जलाशय भरिने सम्भावना एकदम न्यून हुँदै गएको छ । मनसुनको समय सकिन लागिसक्दा पनि कुलेखानी जलाशयको पानीको सतह बढ्न सकेको छैन । असोज महिनाको दोस्रो साता बित्न लागिसक्दा पनि कुलेखानी जलाशयमा करिब २० मिटरमात्र पानीको सतह बढेको छ ।

सुख्यायाममा कुलेखानी जलाशयको पानीको सतह १ हजार ४ सय ८५ मिटरसम्म झरेको थियो । वर्षायाम सुरु भएपछि कुलेखानी जलाशय ईन्द्रसरोवरमा आइतबार बिहान १ हजार ५ सय ४ दशमलव २१ सेन्टिमिटरमात्र पानी संकलन भएको नेाील विद्युत प्राधिकरणले जनाएको छ । कुलेखानी भरिन करिब अझै २६ मिटर बाँकी छ ।



कुलेखानी जलाशयमा एक हजार ५ सय ३० मिटर पानी अट्ने क्षमता छ । 'अहिलेको वर्षायाममा जलाधार क्षेत्रमा पानी परेको छैन,' कुलेखानी जलविद्युत आयोजना प्रथमका प्रमुख तारादत्त भट्टले भने, 'असोज महिनाको दोस्रो साता बित्न लागिसक्यो, मौसमको छाँटकाट हेर्दा यो वर्ष कुलेखानी जलाशय भरिन मुस्किलै छ, नर्मल पानी परेर यो वर्ष कुलेखानी भरिँदैन, जलाधारक्षेत्रमा आरीघोप्टे वर्षा भएमात्र जलाशय भरिन्छ ।'

कुलेखानी जलविद्युत् आयोजनाका अनुसार गतवर्ष साउन, भदौ र असोजमा जलाशयमा दैनिक ५० देखि ७५ सेन्टिमिटरसम्म पानीको सतह बढ्थ्यो, अहिले मुस्किलले २० सेन्टिमिटर पनि बढ्दैन । गतवर्षको असोज ११ गते एकै दिन ५ मिटर पानीको सतह बढेको थियो । अहिले कुलेखानी जलविद्युत् आयोजना 'सटडाउन' गरिएको छ । कुलेखानी जलाशयमा पानीको सतह नबढेकाले सुख्यायाममा विद्युत्को उत्पादनमा समस्या आउनेमात्र होइन, मार्खु र चित्लाङमा आएका आन्तरिक एवं बाह्य पर्यटक पनि निराश भएर फर्कने गरेका छन् ।

कुलेखानी जलाशयको पानीले ढाक्ने मार्खु र सिम्लाङ क्षेत्रका जमिनमा अहिले हरिया घाँस मौलाएका छन् । 'गतवर्षको असोज १० र ११ गते जसरी जलाधार क्षेत्रमा वर्षा भएको थियो, त्यसरी वर्षा भएमात्र कुलेखानी जलशाय भरिन सक्छ नत्र अहिले परेको पानीले जलाशय भरिँदैन' कुलेखानी जलविद्युत् आयोजनाका प्राविधिकले भने । जलाशयको पानीले ढाक्ने मार्खु र सिम्लाङ क्षेत्रका जमिनमा हाल चौपाय चरिरहेका छन् । विगतका वर्षमा पर्यटक त्यही स्थानमा रमाइलो गरेर मजा लिने गर्थे ।

नेपाल विद्युत् प्राधिकरणको 'ब्याकअप' को रुपमा रहेको कुलेखानी जलाशय भरिएन भने विद्युत् प्राधिकरणलाई सुक्खायाममा विद्युत् उत्पादन र वितरणमा समस्या हुनेछ । मकवानपुरको थाहा नगर पालिका, दामन, पालुङ, बज्रवाराही, चित्लाङ, इन्द्रसरोवर गाउँपालिकाको मार्खु र फाखेल जलाशयको जलाधार क्षेत्र हुन् ।

यो क्षेत्रमा यो वर्ष वर्षा पर्याप्त भएको छैन । कुलेखानी जलाशयको पानी १ हजार ४ सय ८४ मिटर तल झर्दासम्म प्रयोग गर्न सकिन्छ । जलाशयमा संकलन गरिएको पानीमध्ये ४६ मिटर मात्र विद्युत् उत्पादनमा प्रयोग गर्न सकिन्छ ।

## आज देशभर फूलपाती भित्र्याइंदै

साझाकुरा संवाददाता

हेटौंडा, १२ असोज/ बडादशैं अर्थात् नवरात्रको सातौं दिन आज पूजाकोठा वा दशैंघरमा फूलपाती भित्र्याइँदैछ । नवदुर्गामध्येकी सातौं कालरात्रिदेवीको विधिपूर्वक पूजा आराधना पनि गरिँदैछ ।

दुर्गापक्षको सातौं दिन कालरात्रिदेवीको विधिपूर्वक पूजा आराधना गर्ने वैदिक सनातनी परम्परा छ । प्राणीमात्रलाई कालले नष्ट गर्दछ । त्यस्तो काललाई पनि भगवतीदेवीले नष्ट गरिदिन्छिन् भन्ने मान्यता छ । देवीको स्वरुपलाई कालरात्रि भनिन्छ । कालरात्रि कृष्णवर्णको हुनुका साथै यिनी भयंकर आकृतिको हुन्छिन् भन्ने विभिन्न पुराणमा उल्लेख गरिएको छ । प्राणीलाई नष्ट गर्ने भएकैले यी देवीलाई कालरात्रि भनिएको पौराणिक ग्रन्थमा उल्लेख गरिएको छ ।

नवरात्रका नौ दिन घटस्थापना गरिएको स्थलमा दुर्गा सप्तशती (चण्डी), श्रीमद्देवीभागवत लगायत देवीस्तोत्र पाठ गरिन्छ । नवरात्रका अवसरमा देवीको आराधना गरी पूजा गरेमा शक्ति, ऐश्वर्य र विद्या प्राप्त हुने धार्मिक विश्वास छ । यसै आधारमा वैदिक सनातन धर्मावलम्बीले प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्म दुर्गादेवीको विशेष आराधना गर्छन् । नौ दिनसम्म पूजाआराधना गरेको प्रसाद विजयादशमीदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म लगाइन्छ । यसरी १५ दिनसम्म नेपालीले बडादशैं पर्व मनाउँछन् ।

नवरात्रमा देशभरका शक्तिपीठमा पूजाआराधना, दर्शन गर्ने भक्तजनको भीड लाग्ने गर्छ । राजधानी र बाहिरका शक्तिपीठमा पूजाआराधना एवं दर्शनका लागि बिहानैदेखि भक्तजनको भीड लागेको हुन्छ । बडादशैंको सातौं दिन आज नेपाली सेनाले सैनिकमञ्च टुँडिखेलमा फूलपाती बढाइँ विशेष समारोह आयोजना गर्दैछ । फूलपाती बढाइँ समारोह धर्म, संस्कृति र परम्परालाई निरन्तरता दिने विशिष्ट मौलिक कार्यक्रम मानिन्छ । यो कार्यक्रममा सैनिक परेड मुख्य आकर्षण रहनेछ । आजैका दिन गोरखा दरबारस्थित दशैंघरबाट काठमाडौंको हनुमानढोका दरबारका लागि फूलपाती सहितको डोली पठाइँदै छ । तत्कालीन गोरखाका राजा पृथ्वीनारायण शाहले काठमाडौंको हनुमानढोका दरबारबाट राजकाज सुरु गरेदेखि बर्सेनि बडादशैंको सातौं दिन गोरखा दरबारको दशैंघरबाट फूलपातीसहितको डोली काठमाडौंको हनुमानढोका दरबार पुर्‍याएर भित्र्याउने प्रचलन रहँदै आएको छ । गोरखा दरबारको दशैंघरबाट सतिपिपलस्थित फूलपाती चौतारासम्म फूलपातीको डोली दरबारका सुसारेहरुले बोकेर ल्याई त्यहाँबाट सेनामार्फत् हनुमानढोका पठाउने प्रचलन रहँदै आएको छ ।

हार्दिक शुभकामना

विजया दशमी, शुभ दीपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा सम्पूर्ण नगरबासी, वडाबासी, व्यवसायी मित्र, सञ्चारकर्मी, कर्मचारीहरु लगायत शुभचिन्तक, शुभेच्छुक एवम् समस्त देशवासीमा सुख, शान्ति र समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सविन न्यौपाने
(१ नं. वडा अध्यक्ष/प्रवक्ता)
हेटौंडा उपमहानगरपालिका
हेटौंडा, मकवानपुर

हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, सहयोगी, शुभचिन्तक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विनोद सुवेदी (प्रिन्सिपल)
एवम्
बालजागृती बोर्डिङ स्कूल,परिवार
हेटौंडा-२, मकवानपुर

हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, सहयोगी, शुभचिन्तक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अनिल पाण्डे (सं. अध्यक्ष) | श्री कार्की (प्रिन्सिपल) | रमिता पाण्डे (वि.व्य.स. अध्यक्ष)
एवम्
हेटौंडा सिटी कलेज/जेनिथ इन्टरनेशनल मा.वि., परिवार
हेटौंडा-५, पिप्ले

हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, सहयोगी, शुभचिन्तक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

हेटौंडा एकेडेमी, परिवार
हेटौंडा-११, मकवानपुर

हार्दिक शुभकामना

नेपालीहरुको महान चाड विजयादशमी २०८२ को पावन अवसरमा सम्पूर्ण स्वेदश तथा विदेशमा रहनुहुने नेपाली आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य, दिर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



आर.ए. रामकुमार बर्तौला
(बागमती प्रदेश अध्यक्ष)
नेपाल अडिटर्स एसोसिएसन (अडान)
बागमती प्रदेश समिति, परिवार

हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समिति पदाधिकारीहरु, कर्मचारी एवम् सहकारीकर्मी सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

पालुङ्ग बहुउद्देश्यीय सहकारी संस्था लि., परिवार
पालुङ्ग, मकवानपुर

हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण सहयोगी, शुभचिन्तक, शुभेच्छुक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सम्झौता सापकोटा
(प्रबन्ध निर्देशक) एवम्
हिमालयन मोटर्स परिवार

साझाकुरा

## हाम्रो कुरा

# दसैं सबैका लागि मंगलमय बनोस्

दशैं हिन्दूहरुको महान चाड हो । अधर्ममाथि धर्मको र असत्यमाथि सत्यको विजयकारुपमा परम्परादेखि मनाइँदै आएको यो पर्वको महत्व धेरै छ । हुन त हरेक चाडपर्वको आफ्नै प्रकृतिको महत्व छ । धर्म र सत्यको विजय सामाजिकरुपमा अस्वीकार्य हुन सक्दैन । हिन्दु चाड भएपनि दशैं अधिकांश नेपालीको साझा चाडकारुपमा मानिन्छ । आजको बहुलवादी समाजमा क्रिसमस मनाउन ईसाई नै हुनु पर्दैन या चर्चसम्म पुग्नुपर्दैन, त्यसरी नै हिन्दु नभएपनि दशैं मनाउन सकिन्छ । सामाजिक चाडकारुपमा पनि ग्रहण गर्न सकिन्छ । दशैंलाई धार्मिकरुपमा मनाउने शतप्रतिशत हक हिन्दूलाई हुनुपर्छ । हामी धर्मनिरपेक्ष राज्यमा छौं । बिदा, भत्तालगायतका कुरामा राज्यसित माग राख्न, संशोधन गर्न सकिन्छ । दशैं नमनाउन वा म मनाउदिन भन्न पनि पाइन्छ । आफूलाई सुहाउँदो, मन रमाउँदो र व्यावहारिक तरिकाले मनाउन पनि पाइन्छ । दशैं मनाउँदाको अलग्गै करतिर्नु पर्दैन । तर, कसैको आस्थामाथि खेलबाड गर्दै बहिष्कार गर्ने कार्य राम्रो होइन ।

मुलुकको परिवर्तनका लागि भएका एकएक आन्दोलन, एकएक क्रान्ति, जनयुद्धबाट स्थापित भएका जुनसुकै शासकहरु भ्रष्टाचारको दलदलमा भासिएको अवस्था, एउटा राजा हटाएर हजारौं राजा स्थापित भएको अवस्था, दैनिक हजारौं युवा रोजगारको खोजीमा हातमा पासपोर्ट बोकेर श्रमस्वीकृतिका लागि लाइन बसेको अवस्था जति चर्चा गरेपनि सकिने वा रोकिनवाला छैन । यसैको परिणाम हो भदौ २३ र २४ को आन्दोलन । भ्रष्ट र नैतिकपतन भएका ब्यक्ति सत्तामा स्थापित भइरहेका यो समयमा चाडपर्वको शुभकामनाले खासै माने राख्दैन भन्ने कुरा हामीलाई राम्रैसँग थाहा छ । राजनीति विधिशास्त्रकारुपमा स्थापित हुनुपर्ने थियो । तर, त्यसो हुन सकिरहेको छैन । जुन मुलुकमा अज्ञानताको विस्तार नै ज्ञान मानिन्छ, जुन मुलुकमा आपसमा विद्वेष फैलाउन धर्म प्रयोग गरिन्छ, जहाँ दयाभाव व्यवसाय बन्छ, जुन समाजमा क्षमाशीलता कलंकित हुन्छ यस्तो समयमा हामी शुभकामना दिन खोजिरहेका छौं । 'विजयादशमीको शुभकामना' शब्द दुईदसक अघिसम्म ग्रिटिङ्स कार्डमा प्रदान गरिन्थ्यो । सुन्दर कागजमा सज्जित यी शब्द पाउने ब्यक्तिपनि मोहित र अचम्मित हुने गर्दथ्यो । तर, हिजोआज सामाजिक संजालमा औपचारिकतामा सीमित भएका छन् । मरुभूमिमा श्रम बेचिरहेको एउटा श्रमिक नेपालीका लागि सामाजिक संजालका शुभकामनाको के अर्थ ? वा यस्ता संजालमार्फत् दिएको शुभकामनाले कति माने राख्ला ? घरपरिवारका जेष्ठनागरिकबाट दिइने आशीर्वादको अगाडि परदेशमा श्रम गरिरहेको अवस्थामा दिइएको सामाजिक संजालका शुभकामनाको महत्व कति होला ? खाडीको ५० डिग्री सेल्सियसको तापक्रममा श्रम बेचिरहेका नेपाली युवालाई दशैंको भव्यतासँग जोडिनैपर्ने बाध्यता कति छ ? दशैंको खुशियाली कति होला ? त्यसको विषयमा बहस गर्दै गरौंला ।

भरर्खरै जेनजी आन्दोलनमा ज्यान गुमाएका ७५ जनाको परिवारका लागि हामीले सामाजिक संजालमा दिएको शुभकामनाले कति अर्थ राख्छ ? आन्दोलनमा घाइते भएर अस्पतालमा उपचार गरिरहेका नागरिकका लागि शुभकामनाको कुनै औचित्य छैन । एक्काइसौं शताब्दीमा पाइला चालिरहँदा मध्ययुगीन व्यवहारमा बाँच्न बाध्य बनाइएका नेपालीका युवाका लागि यो वा उ दशैंको शुभकामनाले कति बिझाउला ? यो समयमा कसले कसलाई के भनेर शुभकामना दिने ? यो विषयमा बहस गर्नुपर्ने ठाउँमा बहस हुनै सक्दैन । जहाँ बहस गर्नुको अर्थ छैन त्यहाँ भएको बहसले के काम गर्छ ? नयाँ लुगा लाउने, मासुभात खाने, ठुलाबडाको हातबाट टीका लगाएर आशीर्वाद लिने कामलाई हामीले दशैं भनिरहेका छौं । केही हदसम्म यो ठीकै पनि होला । तर, राष्ट्रिय चाड राष्ट्रका सबै नागरिकले उत्तिकै खुशीसाथ मनाउने वा मान्न पाउने वातावरण कहिले बन्ला ? फेरि पनि हामी प्रेम र सद्भावपूर्णरुपमा चाडपर्व मनाऔं । आफ्नो क्षमताअनुसारको चाडबाड मनाउनुको बिकल्प हामीसँग छैन । यो चाड श्रद्धापूर्वक मनाउने सम्पूर्णमा हार्दिक शुभकामना । बिजयादशमी सबैका लागि मंगलमय बनोस् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ असोज १४ गते मंगलबार ३० सेप्टेम्बर २०२५ । अष्टमी, आश्विन शुक्लपक्ष । कौलाथ्व ११४५ ने.सं. । सूर्योदय ५:५६ सूर्यास्त ५:४९ । महाष्टमी व्रत । कालरात्री । कुलछिभ्वय्रु । भौमाष्टमी ब्रत । गोरखकाली पूजा ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मांगलिक कार्य सम्पादन | तुला | : यात्रामा भयले सताउने |
| वृष | : कार्यमा बाधा | वृश्चिक | : उपचार खर्च वृद्धि हुने |
| मिथुन | : आकस्मिक लाभ हुने | धनु | : मानसम्मान मिल्ने |
| कर्कट | : अर्थहानि हुने | मकर | : जोस एवम् जांगर बढ्ने |
| सिंह | : स्थानान्तरण हुनसक्ने | कुम्भ | : बादविवाद बढ्ने |
| कन्या | : दुस्चिन्ताले पिरोल्ने | मीन | : घरेलु काममा रुचि |

# निजी क्षेत्रको अगुवाइमा ऊर्जा क्षेत्र



✍ दुनबहादुर बुढाथोकी

निजी क्षेत्रले अहिलेसम्म १ सय मेगावाट क्षमताको एकल जलविद्युत् आयोजना निर्माण सम्पन्न गर्न नसकेको भए तापनि, १० देखि ८६ मेगावाटसम्मका कैयौं आयोजनाहरु निर्माण सम्पन्न गरिसकेको छ । यसै सिलसिलामा १०.३ मेगावाटको दोर्दीखोला आयोजना दोर्दीखाला जलविद्युत कम्पनी लिमिटेडले, १२ मेगावाटको माथिल्लो खिम्ती आयोजना हिमाल हाइड्रोपावर लिमिटेडले, १२ मेगावाटको नामार्जुन मादी आयोजना हिमाल हाइड्रोपावर लिमिटेडले, १४.९ मेगावाटको मायाखोला आयोजना मायाखोला हाइड्रोपावर लिमिटेडले, १५.३३ मेगावाटको कलङ्गागाढ आयोजना कलङ्गा हाइड्रो पावरले, २० मेगावाटको तल्लो मोदी आयोजना मोदी इनर्जी प्राइभेट लिमिटेडले, २२ मेगावाटको माइखोला आयोजना सानीमा माई हाइड्रो पावर लिमिटेडले, २४.२ मेगावाटको लिखु 'ए' आयोजना नम्वर हिमालय हाइड्रोपावर प्राइभेट लिमिटेडले, २५ मेगावाटको माथिल्लो दोर्दी आयोजना लिबर्टी इनर्जी कम्पनी लिमिटेडले, २५ मेगावाटको माथिल्लो मादी आयोजना मादी पावर प्राइभेट लिमिटेडले निर्माण सम्पन्न गरी सञ्चालनमा आइसकेका छन् ।

त्यसै गरी २७ मेगावाटको दोर्दी आयोजना हिमाल हाइड्रोपावर लिमिटेडले, ३० मेगावाटको नादी (लमजुङ) आयोजना नादी हाइड्रो पावर लिमिटेडले, ३३.४ मेगावाटको लिखु 'टु' आयोजना गोलोबल हाइड्रोपावर एसोसेट्स लिमिटेडले, ३८.४६ मेगावाटको माथिल्लो कलङ्गा आयोजना सानीगाड हाइड्रो प्राइभेट लिमिटेडले, ४२ मेगावाटको मिस्त्रीखोला आयोजना माउन्टेन इनर्जी नेपाल लिमिटेडले, ४४ मेगावाटको सुपरमादी आयोजना सुपरमादी हाइड्रो पावर लिमिटेडले, ५० मेगावाटको माथिल्लो मर्स्याङ्दी 'ए' आयोजना सिनो सगरमाथा पावर कम्पनी प्राइभेट लिमिटेडले, ५२.४ मेगावाटको लिखु 'फोर' आयोजना ग्रीन भेन्चर लिमिटेडले, ५४ मेगावाटको सुपर दोर्दी आयोजना पिपुल्स हाइड्रो पावर लिमिटेडले, ७३ मेगावाटको मध्यतमोर आयोजना सानिमा मिडिल तमोर हाइड्रो पावर लिमिटेडले, ८६ मेगावाटको सोलु दूधकोशी आयोजना साहस ऊर्जा लिमिटेडले निर्माण सम्पन्न गरी व्यावसयिक सञ्चालनमा ल्याइसकेका छन् । निजी क्षेत्रवाट यी माथि उल्लिखित जलविद्युत् आयोजनाहरु निर्माण सम्पन्न हुनु भनेको राष्ट्र निर्माणमा टेवा पुग्नु हो ।

### राजस्वमा योगदान

राज्यको समृद्धिका लागि राज्यकोषको ढुकुटी फराकिलो र बलियो हुनुपर्दछ । कर दाताको संख्या, करको प्रकार, करदाताको इमानदारिताले ढुकुटीको आयातन निर्धारण गर्दछ । प्रस्तुत सन्दर्भमा, निजी क्षेत्रले ऊर्जा आयोजना सर्वेक्षण, विद्युत् प्रसारण, उत्पादन, वितरण अनुमतिपत्र प्राप्ती, नवीकरण, संशोधन, बिक्री तथा हस्तान्तरण, घरजग्गा तथा सवारीसाधनको प्रयोग, मूल्य अभिवृद्धि, अन्त:शुल्क वा त्यस्तै कुनै कर लाग्ने मालवस्तुको प्रयोग, ऊर्जा आयोजनामा आवश्यक पर्ने मेसिनरी, पाटपूर्जा आयात, सञ्चार सेवाको प्रयोग, प्राकृतिक व्यक्तिको रुपमा आर्जित आय, संस्थागत आय, लाभांश, जडित क्षमता तथा विद्युत् बिक्री, जान-अन्जान प्रचलित कानुनको बर्खिलाप आदिका माध्यमबाट आयकर, भन्सार महसुल, अन्त:शुल्क, भूमिकर, मूल्य अभिवृद्धि कर, सवारी कर, स्वामित्व शुल्क, सेवा शुल्क, रोयल्टी, लाभांश, दस्तुर, दण्ड, जरिवानाजस्ता शीर्षकहरुमा राज्यकोषमा योगदान पुऱ्याउँदै आएको छ ।

राजस्वका उल्लिखित स्रोतमध्ये, विद्युत् विकास विभागको क्षेत्राधिकारअन्तर्गत, आ.व. २०७९.८० मा रोयल्टी, अनुमतिपत्र र नवीकरण दस्तुरबापत ४.३१ अर्ब राज्यकोषमा दाखिला भएको छ । त्यस्तै, सोही वर्ष मन्त्रालयको कार्यक्षेत्रअन्तर्गत रोयल्टी तथा अन्य गरी ६.२८ अर्ब राज्यकोषमा दाखिला भएको थियो । उक्त वर्ष नेपाल विद्युत् प्राधिकरणले कूल १.१६ खर्व आम्दानी गरेकोमा निजी क्षेत्रको योगदान ५२ अर्ब थियो । यहाँनिर, जडित ऊर्जामा निजी क्षेत्रको स्वामित्व ८० प्रतिशत रहेकाले सो अनुपातमा राजस्व दाखिला भएको छ भनेर बुझ्नुपर्दछ ।

यो आफैंमा प्रतिनिधिमूलक उदाहरण मात्र हो । अर्थात्, अन्य शीर्षकहरुमा समेत निजी क्षेत्रका ऊर्जा कम्पनीहरुद्वारा मनग्य योगदान पुगेको छ भन्ने कुरा भुल्नुहुँदैन ।स्मरण रहोस, अनुमति प्राप्त कम्पनीले, जलविद्युत्को व्यापारिक उत्पादन शुरु गरेको पहिलो १५ वर्षसमम्म प्रतिजडित किलोवाटको वार्षिक १ सय रुपियाँ र प्रतियुनिट सरदर बिक्री मूल्यको २ प्रतिशतका दरले अनि सो अवधिपश्चात् प्रतिजडित किलोवाट वार्षिक १ हजार ५ सय र प्रतियुनिट सरदर बिक्री मूल्यको १० प्रतिशतका दरले राज्यलाई रोयल्टी बुझाउनुपर्दछ । यसको अर्थ व्यावसायिक उत्पादन प्रारम्भको १५ वर्षपश्चात् उक्त आयोजनाले राज्यको समृद्धमा अझ बढी योगदान पुऱ्याउने गर्दछ भन्ने नै हो । निजी क्षेत्रबाट राज्य ढुकुटीमा अनेक शीर्षकहरुमा धनराशि जम्मा गर्नु भनेको राष्ट्रमा भरथेग हुनु हो ।

### अवसर सृजना

वि.सं. २०८१ असोजसम्ममा, निजी क्षेत्रको जडित क्षमता २ हजार ५ सय ४८.६ मेगावाट पुगेको र निजी क्षेत्रका अगुवाइमा ३ हजार २ सय २७ मेगावाट बराबरका जलविद्युत् तथा सौर्य आयोजनाहरुको वित्तीय व्यवस्थान पूरा भई निर्माण कार्य अगाडि बढिरहेको परिप्रेक्ष्यमा ऊर्जा उत्पादनका क्रममा विज्ञ, परामर्शदाता, श्रमिक, उपकरण उत्पादक तथा आपूर्तिकर्ता, डिजाइनर, बैंकर, बिमक, पुनर्बिमक, स्थानीयवासीले पेसा, व्यवसाय र रोजागारीका अनेकौं अवसरहरु प्राप्त गरेका छन् ।

त्यस्तै, ३ हजार ८ सय ९९ मेगावाट बराबरका आयोजनाहरुको पीपीए भइसकेको, १० हजार ५ सय मेगावाट बराबरका आयोजनाहरु पीपीएको पर्खाइमा रहेको, जलविद्युत् मार्गचित्र २०८१ अनुरुप वि.सं. २०९२ सम्ममा जडित क्षमता २८ हजार ५ सय मेगावाट पुऱ्याउने लक्ष्य सफलिभूत तुल्याउन निजी क्षेत्र कटिबद्ध रहेको सन्दर्भमा आगामी दिनमा निजी क्षेत्रले राजस्व दाखिला, रोजगारी सृजना, व्यापार-व्यवसायको अवसर बढवाका माध्यमवाट मुलुकको समृद्धिमा योगदान पुऱ्याउनेमा कुनै सन्देह छैन् । निजी जलविद्युत् उद्यमीबाट अनेक आर्थिक असरहरु पैदा गरिनु भनेको राष्ट्र निर्माणमा टेवा पुग्नु हो ।

### संस्थागत सामाजिक उत्तरदायित्व

राज्य समृद्धिका लागि शिक्षा, स्वास्थ्य, वातावरण, भौतिक पूर्वाधार आदि क्षेत्र सबलीकृत हुनुपर्दछ । उक्त कुरा राम्रैसँग बुझेको निजी क्षेत्रले खुद आम्दानीको ०.५ प्रतिशत हिस्सा सीमान्तकृत समुदायको लागि आयमूलक सीप विकास, विद्यालयहरुमा कम्प्युटर तथा प्राविधिक सहयोग, सडक तथा खेल मैदान निर्माण, उद्यमशीलता विकास, वातावरणीय सुधार, बाढीपहिरो पीडितलाई राहत वितरण, ग्रामीण विद्युतीकरण, स्थानीय सिंचाइ आयोजना निर्माण, सामुदायिक भवन निर्माण, स्वास्थ्य संस्थालाई आर्थिक तथा भौतिक सहयोग उपलब्ध गराउँदै आएको छ ।

जलविद्युत् सम्बद्ध निजी क्षेत्रवाट हालसम्म ३ हजार ३ सय कि.मि. सडक निर्माण, १ सय ४० वटा स्वास्थ्य केन्द्र स्थापना, १ सय ५३ वटा विद्यालय भवन निर्माण, २ सयवटा झोलुङ्गे पुल निर्माण, ९५ वटा खानेपानी आयोजना निर्माण, ४५ वटा सिंचाइ आयोजना निर्माण र ३० वटा एम्बुलेन्स प्रदान गरिनु त्यसैको दृष्टान्त हो । निजी जलविद्युत् उद्यमीबाट सामाजिक कार्य गरिनु भनेको अन्तत्वोगत्वा राष्ट्र निर्माणमा मलजल पुग्नु हो ।

### रोजगारी सृजना

जनशक्ति पलायन हुँदा राज्य समृद्ध बन्न सक्दैन । रोजगारीका अवसरको अभावमा जनशक्ति पलायन भएका हुन् । निजी क्षेत्रका जलविद्युत् कम्पनीहरुले दक्ष, अर्धदक्ष, अदक्ष जनशक्तिलाई रोजगारीका अनेक अवसर उपलब्ध गराई राज्यको समृद्धिमा योगदान पुऱ्याइरहेका छन् । निजी क्षेत्रको कार्य-दायरा र आयतन वृद्धि हुँदै जाँदा आगामी दिनमा यो अनुपात अझ फराकिलो बन्नेमा कुनै शंका छैन ।

हाल निर्माण सम्पन्न भएका आयोजनाहरुद्वारा करिब २ हजार श्रमशक्तिलाई स्थायीरुपमा र निर्माणाधीन आयोजनाहरुमा २ लाख ३४ हजार श्रमशक्तिलाई स्थायी वा अस्थायीरुपमा रोजगारी उपलब्ध हुनु त्यसैको ज्वलन्त उदाहरण हो । वस्तुत: निजी जलविद्युत् उद्यमीबाट रोजगारीका अवसरहरु पैदा गरिनु भनेको राष्ट्र निर्माणमा ईँटा थपिनु हो । जग्गा प्राप्त, स्वामित्व हदबन्दी बढी जग्गा आदि सन्दर्भमा प्रवर्द्धकले अनेक सास्ती झेलिरहनुपरेको छ । भूमि ऐन २०२१ पाँचौं संशोधन (२०५८) अनुसार प्रवर्द्धकले अधिकतम ७५ रोपनी मात्र जग्गा स्वामित्वमा लिन सक्छ । त्यस्तै, व्यक्तिगत जग्गाधनीले मनमौजीरुपमा मुआब्जा माग गर्ने, जग्गाको साटो जग्गा माग गर्ने, ऐलानी जग्गाको मुआब्जा खेतीयोग्य जमिनसरह माग गर्ने, कतिपय जग्गाधनीद्वारा अदालतमा मुद्दा दायर गर्न पुग्ने गरिएको छ । जग्गा प्राप्त गर्न नसक्दा दाताको सहयोगमा निर्माण भइरहेका आयोजनाहरुलाई दाताबाट रकम उपलब्ध गराउन आनाकानी गर्ने गरिएको छ ।

७५ रोपनीभन्दा अधिक सार्वजनिक जग्गा प्राप्तिका लागि कम्पनीले सरोकारवाला मन्त्रालय, विभाग, कार्यालय हुँदै मन्त्रिपरिषद्बाट निर्णय गराउनुपर्दछ । त्यस्तै, तोकिएको प्रक्रिया पूरा गरी हदबन्दीभन्दा अधिक जग्गा खरिदपश्चात् कुनै कारणवश थप जग्गा आवश्यक परेमा पुन: वातावरणीय प्रतिवेदन परिमार्जन गरेर पहिले अवलम्बन गरिएका सम्पूर्ण प्रक्रिया पूरा गरी मन्त्रिपरिषद्बाट निर्णय गराउनुपर्दछ । त्यस्तै हदबन्दीभन्दा अधिक जग्गा अन्य कार्यको लागि प्रयोग गर्न, बैंकमा राखी ऋण लिन वा बिक्री-वितरण गर्न नपाइने प्रावधान छ । राज्यले जग्गा प्राप्ति तथा रुख कटानको क्षेत्रमा रहेका यी व्यवधानहरु कानुनीरुपमै निरुपण गरिदिनुपर्दछ ।

विद्युत् खरिद सम्झौतापूर्व ठूलो मात्रामा धनराशि खर्च भइसक्ने हुँदा पीपीएको पर्खाइमा रहेका १० हजार ५ सय मेगावाट बराबरका आयोजनाहरुको पीपीए रोक्नु एकहदसम्म अपराध हो । वि.सं. २०९३ सम्मम जडित क्षमता २८ हजार ५ सय पुऱ्याउने लक्ष्य लिएको सन्दर्भमा नेपाल विद्युत् प्राधिकरणले सबै प्रकृतिका आयोजनाहरुको पीपीए खुला गरिदिनुपर्दछ ।

त्यस्तै वि.सं. २०७५ वैसाखमा ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले १० वर्षमा १५ वर्षको मार्गचित्र अगाडि सार्दै गर्दा ऊर्जा मिश्रणमा जलाशययुक्त तथा पम्प स्टोरेज आयोजनाको हिस्सा ३० देखि ३५ प्रतिशत औंल्याएको, छिमेकी भारतमा १ सयभन्दा अधिक जलाशययुक्त आयोजना निर्माण भइसकेको, नेपालमा भने हालसम्म एउटा मात्र (कुलेखानी) जलाशययुक्त आयोजना निर्माण हुन सकेको, १ सय ४० मेगावाट क्षमताको तनहुँ आयोजना मात्र निर्माणाधीन अवस्थामा रहेको सन्दर्भमा निजी क्षेत्रले जलशययुक्त आयोजना निर्माण गर्ने आँट गर्नुपर्दछ ।

*(साभार: न्यूज अफ नेपाल)*

# कर सुधारको मार्गचित्र

✍ डा. रूप खड्का

मुलुकमा सुशासन कायम हुनु पर्ने, भ्रष्टाचार निवारण हुनु पर्ने र बेथिति हट्नु पर्ने भनेर जेन-जीले २०८२ भाद्र २३ गते शुरु गरेको आन्दोलनको परिणाम स्वरूप मुलुकमा अन्तरिम सरकार गठन भएको छ । हुन त ६ महिने चुनावी सरकार भएकोले यस सरकारंको कार्यकालमा राम्रो नीति, कानून र नियमहरूको तर्जुमा भै त्यसको कार्यान्वयन गर्न व्यवहारिक हिसावले सम्भव देखिँदैन तर शिथिल अवस्थामा रहेको र भाद्र २४ गतेको आन्दोलनमा घुसपैठ भएको कारणले ध्वस्त भएको हाम्रो अर्थतन्त्रलाई उकास्नका लागि सुधार नगरी बस्ने छुट पनि छैन । विभिन्न क्षेत्रका विज्ञहरू मन्त्री रहेको अन्तरिम सरकारको पालामा कम्तीमा पनि कानून संशोधन आवश्यक नपर्ने प्रक्रियागत सुधार गर्न र चुनावपश्चात गठन हुने निर्वाचित सरकारको लागि व्यापक सुधार प्याकेज तयार गर्न चुक्नु हुँदैन । मुलुकको आर्थिक विकासमा कर प्रणालीले पनि महत्वपूर्ण भूमिका खेल्न सक्ने हुँदा करको स्वरूप, संरचना, तथा संचालन प्रक्रिया सुधार्न संभावित केही प्रस्तावहरू तल प्रस्तुत गरिएका छन् ।

### कर प्रणालीको वर्तमान स्वरूप र चुनौतिहरू

मुलुकमा अहिले संघीय स्तरमा मूल्य अभिवृद्धि कर, व्यक्तिगत आयकर, संस्थागत आयकर, भन्सार महसुल, र अन्तस्शुल्क जस्ता प्रमुख पाँच कर लागू गरिएका छन् र सन् १९९० को दशकमा गरिएको प्रथम चरणको कर सुधार कार्यक्रमको फलस्वरूप तिनीहरूको संरचना पनि उच्चस्तरको थियो । उदाहरणका लागि मूल्य अभिवृद्धि कर विस्तृत आधारमा लगाइएको थियो, छुट सीमित थिए र तिनीहरूलाई पनि क्रमशस् घटाउँदै जाने नीति अपनाइएको थियो । यस करको वस्तु तथा सेवा दुवैको लागि रु । २० लाखको दर्ता सीमा (थ्रेसहोल्ड) र १० प्रतिशतको एकल दर कायम गरिएको थियो । यसैगरी, अनिवार्य रूपमा दर्ता हुने करदाताको लागि एक महिना र स्वच्छाले दर्ता हुनेको लागि चौमासिक कर अवधि तोकिएको थियो ।

मूल्य अभिवृद्धि करको कार्यान्वयनसँगै अन्तस्शुल्कमा पनि आमूल सुधार गरिएको थियो । त्यस क्रममा आधुनिक अन्तस्शुल्कको मर्म अनुसार आन्तरिक उत्पादनमा मात्र नभई पैठारीमा पनि यो कर लाग्ने व्यवस्था गरिएको थियो भने पाँच दर्जनभन्दा बढी वस्तुमा लागेको अन्तस्शुल्क खारेज गरेर यो कर लाग्ने वस्तुको संख्या ११ मा सीमित गरिएको थियो । यसैगरी, अन्तस्शुल्कको दरको संरचनामा पनि सुधार गरिएको थियो भने परम्परागत रूपमा अपानाइएको भौतिक नियन्त्रण प्रणालीको सट्टा अधिकांश वस्तुमा स्वयं निष्काशन प्रणाली लागू गरिएको थियो ।

यसैगरी, भन्सार व्यवस्थामा पनि ठूलो सुधार गरिएको थियो । उदाहरणका लागि आर्थिक वर्ष २०४३/४४ सम्म भन्सार महसुलका १ देखि ४६७ प्रतिशतसम्मका ३०० भन्दा बढी दर कायम गरिएकोमा कर सुधारको क्रममा दरको संख्या तथा तह दुवैमा व्यापक कटौति गरेर आर्थिक वर्ष २०६०/६१ सम्म पैठारी महसुलका ६ दर (५, १०, १५, २५, ४० र ८० प्रतिशत० कायम गरिएका थिए । यसैगरी, आयकरका दर को संख्याका साथै तहमा पनि ठूलो कटौती गरी आर्थिक वर्ष २०५५/५६ देखि करका १५ र २५ प्रतिशतका दुई दर र संस्थागत आयकरको बैंक तथा वित्तीय संस्थाको लागि ३० प्रतिशत र अन्यको लागि २५ प्रतिशतको दर कायम गरिएको थियो ।

करको सिद्धान्त तथा अन्तर्राष्ट्रिय असल अभ्यास अनुरूपको यस किसिमको कर प्रणाली आवश्यक राजस्व परिचान गर्न पनि सफल भएको तथ्य माओवादी द्वन्द्व, महाभूकम्प तथा कोरोनाको कहर हुँदा पनि झण्डै दुई दशकको लामो समयसम्म कर राजस्व परिचालन औषतमा करीब वार्षिक १८ प्रतिशले बढेको तथ्यले स्पष्ट गर्दछ । तर, विगत केही वर्षहरूमा सरकारमा भएका विभिन्न परिवर्तनका कारण अर्थमन्त्रीमा बराबर भएका फेरबदल र तिनीहरूसँग आउने 'मौसमी विज्ञहरू', बिचौलिया तथा प्रभावशाली व्यक्तिहरूको दबाब तथा प्रलोभनका कारण नेपालको कर प्रणालीमा विभिन्न विकृतिहरू निम्त्याइएका थिए । उदाहरणका लागि मूल्य अभिवृद्धि करमा छुटको संख्या बढाएकोले करको आधार संकुचन भएको छ । यसैगरी, यस करको मर्म र अन्तर्राष्ट्रिय असल अभ्यासविपरीत नेपाल सरकारका विभिन्न निकायको सिफारिसका आधारमा कर छुट दिने, वस्तु र सेवाको लागि छुट्टाछुट्टै थ्रेसहोल्ड कायम गर्ने र सरकारी निकाय, संघ तथा संस्थाले ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा कर रकमको ३० प्रतिशत निजको नामबाट सम्बन्धित राजस्व खातामा जम्मा गर्ने जस्ता व्यवस्थाले यो कर अनावश्यक रूपमा जटिल र असक्षम भएको छ ।

यसैगरी, अन्तस्शुल्कको सिद्धान्त र अन्तर्राष्ट्रिय असल अभ्यास अनुसार यो कर सामाजिक लागत बढाउने स्वास्थ्यको लागि हानिकारक, उपभोक्ता बाहेकका अन्य व्यक्तिहरूको स्वास्थ्यमा प्रतिकुल असर पार्ने (नेगेटिभ इक्सक्टरनालिटी सिर्जना गर्ने), वातावरण बिगार्ने, र वायु प्रदुषण गर्ने सीमित वस्तु तथा सेवा र मूल्य अभिवृद्धि कर प्रशासनिक हिसावले लगाउन नसकिने सीमित वस्तु तथा सेवामा मात्र लगाउने कर भए पनि हाल यो कर अनगिन्ती वस्तुमा लगाइएको छ । त्यसो भए पनि अन्तस्शुल्क राजस्वको ठूलो हिस्सा परम्परागत रूपमा अन्तस्शुल्क लाग्दै आएका सुर्तीजन्य वस्तु, मादकपदार्थ, सवारीसाधन तथा हल्का पेय पदार्थ जस्तासीमित वस्तुबाट प्राप्त हुन्छ भने अन्य वस्तुमा लागेको अन्तस्शुल्कबाट न त उल्लेख्य राजस्व संकलन हुन्छ, न त त्यसबाट अन्य कुनै उद्देश्य नै पूर्ति हुन्छन् । अर्कोतर्फ ती वस्तुमा अन्तस्शुल्क लागेको कारणले अनावश्यक रूपमा करदाताले कर अनुपालन लागत र कर प्रशासनले कर संकलन खर्च व्यहोर्नु परेकोले हाम्रो अर्थतन्त्र बढी लागतिलो भएको छ ।

अर्कोतर्फ, राजस्वका साथै वातावरणीय हिसावले पेट्रोल तथा डिजेलमा अन्तस्शुल्क लगाउने विश्वव्यापी प्रचलनविपरीत नेपालमा यी वस्तुमा यो कर लगाइएको छैन । तर पेट्रोल तथा डिजेल आयातमा सडक मर्मत तथा सुधार दस्तुर, नेपालभित्र बिक्री वितरण हुने पेट्रोल तथा डिजेलमा प्रदूषण नियन्त्रण शुल्क र पेट्रोल र डिजेलमा पूर्वाधार कर र हरित कर लगाइएको छ जसले हाम्रो सिंगो अर्थतन्त्रको लागत बढाएको छ ।

व्यक्तिगत आयकरको दरको संख्या र तह बढाएर १, १०, २०, ३०, ३६ र ३९ प्रतिशत गरिएको छ जसले गर्दा नेपाल दक्षिण एशियामै सबभन्दा चर्को कर लाग्ने मात्र नभई विश्वका धेरै देशभन्दा बढी कर लगाउने देश भएको छ । यस किसिमको दरले मानिसहरूमा काम गर्ने, बचत गर्ने, तथा लगानी गर्ने प्रवृत्तिलाई हतोत्साहित गर्ने, कर छल्ने प्रवृत्ति बढाउने, उद्योग, व्यापार तथा व्यवसायलाई अनौपचारिक क्षेत्रमा धकेल्ने, बिचौलिया र प्रभावशाली व्यक्तिहरूबाट कर छुटको लागि दबाब बढ्ने, कर छल्न नचाहने वा नसक्ने र कर छल्ने बीच अस्वस्थ प्रतिस्पर्धा हुने, र करदाताको कर अनुपालन लागत तथा सरकारको कर संकलन खर्च बढ्ने हुन्छ ।

यसैगरी, रोजगारी आयमा कुनै किसिमको छुट नदिएर पारिश्रमिक आयको पहिलो स्ल्याबमा १ प्रतिशतका दरले सामाजिक सुरक्षा करको नामले 'मिनि आयकर' लगाउने व्यवस्थाले न्यून आय भएका कर्मचारीले पनि हरेक रुपैयाँमा व्यक्तिगत आयकर तिर्नुपर्छ, जबकि छिमेकी मुलुक भारतमा व्यक्तिगत आयकरको लागि कटाउन पाउने खर्चको हिसाव गर्दा रु । २४ लाख (भारु १५ लाख) सम्म तलवरज्याला पाउनेले एक रुपैयाँ पनि व्यक्तिगत आय कर तिर्नु पर्दैन ।

संस्थागत आयकर अन्तर्गत विभिन्न प्रकारका उद्योग व्यवसायको प्रकृति, कारोबारको तह, स्थान, लगानीको मात्रा, रोजगारीको स्थिति आदिका आधारमा निश्चित अवधिका लागि कर छुट हुने वा कम दरको कर लाग्ने वा विद्यमान करका दरमा तोकिएको प्रतिशत छुट हुने जस्ता व्यवस्थाले यस करका प्रभावकारी दरको संख्या अनगिन्ती छ जसले यस करलाई व्यवहारमा आर्थिक हिसावले असक्षम, प्रशासनिक दुष्टिकोणले जटिल तथा अपारदर्शी बनाएको छ । यसका साथै कर छुटको विभिन्न किसिमले दुरूपयोग हुने गरेको, वैदेशिक लगानी आकर्षित गर्ने उद्देश्यले विदेशी कम्पनीलाई मात्र प्रदान गरिएको कर छुटले राउन्ड ट्रिपिङको समस्या सिर्जना गरेको, वैदेशिक लगानीमा कुनै निश्चित अवधिका लागि आयकर छुट दिने व्यवस्थाले गर्दा विदेशी लगानीकर्ताले नेपालमा कर तिर्नु नपर्ने भए पनि दोहोरो कर मुक्ति सम्झौता नभएको अवस्थामा नेपालमा आर्जन गरेको आयमा आफू बासिन्दा भएको मुलुकमा कर तिर्नु पर्ने हुँदा लगानीकर्तालाई हाम्रो कर छुटबाट कुनै लाभ नभई नेपालले राजस्व गुमाउने गरेको स्थिति छ ।

आयकर ऐनमा गरिएको नियन्त्रणमा परिवर्तनसम्बन्धी व्यवस्थाले व्यवसायको मूल प्रकृतिमा परिवर्तन नभई हुने मर्जर तथा एक्विजिशन लगायतका शेयर हस्तान्तरण एवं प्राकृतिक रूपले पैत्रिक सम्पत्ति हस्तान्तरण गरेको अवस्थामा पनि कर लाग्ने भएकोले व्यवहारिक समस्या उत्पन्न गरेको छ । यसैगरी, भन्सार महसुलका दरको संख्या बढाएर आर्थिक वर्ष २०८२/८३ मा सार्क मुलुकबाट हुने पैठारीमा १६ दरहरू (१, ५, ६, ७.२५, ९, ९.५, १०, ११.२५, १४, १५, १८.५, २०, ३०, ४०, ६० र ८० प्रतिशत) र अन्य मुलुकहरूबाट हुने पैठारीमा ९ दरहरू (१, ५, १०, १५, २०, ३०, ४०, ६० र ८० प्रतिशत) कायम गरिएका छन् । यसका अतिरिक्त कतिपय वस्तुमा भन्सार महसुल परिमाणगत दरले पनि लगाइएको छ । *(साभार: अनलाइनखबर)*

## हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली,
नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा सम्पूर्ण सुमो व्यवसायी, कर्मचारी, यात्रुवर्ग, नेपाली दाजुभाइ दिदीबहिनी, इष्टमित्र, आफन्तजन, शुभेच्छुक तथा शुभचिन्तकमा सुख, शान्ति, समृद्धि र दीर्घायुको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**हाम्रो सुमो सेवा-१ / मकवानपुर**
**साझा यातायात प्रा.लि., परिवार**
हेटौंडा, मकवानपुर

## हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली,
नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहक, व्यवसायी, सहयोगी, शुभचिन्तक, शुभेच्छुक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

दिलिश गोविन्द जोशी (अध्यक्ष) एवम्
**मकवानपुर होटल एशोसियसन, परिवार**
हेटौंडा, मकवानपुर

## हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली,
नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण सहयोगी, शुभचिन्तक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

किसन घिसिङ (सभापति) एवम् शिवहरी दाहाल (नि.सभापति)
**नेपाल रेडक्रस सोसाइटी**
**हेटौंडा, मकवानपुर**

## हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली,
नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा सम्पूर्ण निर्माण व्यवसायी, पदाधिकारी, सदस्य, सहयोगी, नेपाली दाजुभाइ दिदीबहिनी, इष्टमित्र, आफन्तजन, शुभेच्छुक तथा शुभचिन्तकमा सुख, शान्ति, समृद्धि र दीर्घायुको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

बालगोपाल कँडेल (अध्यक्ष) एवम्
**निर्माण व्यवसायी संघ, परिवार**
हेटौंडा-४, मकवानपुर

## हार्दिक शुभकामना

*"विकासको पूर्वाधार, उद्योग र व्यापार"*
२०८२ सालको बडा दशैं, तिहार, छठ तथा नेपाल सम्बत्को पावन उपलक्ष्यमा उद्योगी/व्यवसायी, शुभचिन्तक एवम् सम्पूर्णमा सुख, शान्ति, सु-स्वास्थ्य, दीर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रमोद सिंह रानाभाट (अध्यक्ष) एवम्
**मकवानपुर उद्योग वाणिज्य संघ, परिवार**
हेटौंडा-२, मकवानपुर

## हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली,
नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहक, व्यवसायी, सहयोगी, शुभचिन्तक, शुभेच्छुक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राजकुमार रसाइली (प्रोपाइटर) एवम्
**नमोबुद्ध सुनचाँदी पसल, परिवार**
हेटौंडा-१०, बासुदेवमार्ग

## हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली,
नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहक, व्यवसायी, सहयोगी, शुभचिन्तक, शुभेच्छुक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

किरण दुधराज (प्रोपाइटर) एवम्
**किरण एण्ड कस्मिर सुनचाँदी पसल, परिवार**
हेटौंडा, मकवानपुर

## हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली,
नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, सहयोगी, शुभचिन्तक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

किशोर पराजुली (प्रधानाध्यापक)
एवम्
**प्रगति मा. वि., परिवार**
हेटौंडा-९, मकवानपुर

## हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली,
नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण सहयोगी, शुभचिन्तक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अमृत बर्तौला
**पाथिभरा लेखापढी सेवा सदन, परिवार**
हेटौंडा-२ मानसचोक

## हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली,
नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, सहयोगी, शुभचिन्तक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रधानाध्यापक
एवम्
**अमर माध्यमिक विद्यालय, परिवार**
हेटौंडा-१, मकवानपुर

## हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली,
नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, सहयोगी, शुभचिन्तक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रबोध बिडारी (प्रधानाध्यापक)
एवम्
**निर्मल माध्यमिक विद्यालय, परिवार**
हेटौंडा-१९, बस्तीपुर

## हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली,
नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, सहयोगी, शुभचिन्तक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**राजदेवी माध्यमिक विद्यालय, परिवार**
हेटौंडा, मकवानपुर

## हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली,
नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, सहयोगी, शुभचिन्तक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विनोद सुवेदी (अध्यक्ष) एवम्
**प्याब्सन मकवानपुर, परिवार**
हेटौंडा, मकवानपुर

## हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली,
नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा सम्पूर्ण यातायात व्यवसायी, पदाधिकारी, सदस्य, सहयोगी, नेपाली दाजुभाइ दिदीबहिनी, इष्टमित्र, आफन्तजन, शुभेच्छुक तथा शुभचिन्तकमा सुख, शान्ति, समृद्धि र दीर्घायुको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

हिरालाल श्रेष्ठ (अध्यक्ष) एवम्
**नारायणी संघ हेटौंडा**
मकवानपुर

## हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समिति पदाधिकारीहरु, कर्मचारी एवम् सहकारीकर्मी सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विजयसागर श्रेष्ठ (अध्यक्ष) एवम्
**मकवानपुर बचत तथा ऋण सहकारी संस्था लि., परिवार**
हेटौंडा, मकवानपुर

## हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समिति पदाधिकारीहरु, कर्मचारी एवम् सहकारीकर्मी सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**युवा बचत तथा ऋण सहकारी संस्था लि., परिवार**
हेटौंडा, मकवानपुर

## हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली,
नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, सहयोगी, शुभचिन्तक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रधानाध्यापक
एवम्
**जनज्योति मा. वि.,परिवार**
हेटौंडा, मकवानपुर

## हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली,
नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा सम्पूर्ण यातायात व्यवसायी, सहयोगी, नेपाली दाजुभाइ दिदीबहिनी, इष्टमित्र, आफन्तजन, शुभेच्छुक तथा शुभचिन्तकमा सुख, शान्ति, समृद्धि र दीर्घायुको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

ज्ञानेन्द्र बहादुर कार्की (अध्यक्ष)
एवम्
**सार्वजनिक मकवानपुर यातायात प्रा.लि., परिवार**
हेटौंडा, मकवानपुर

## हेटौंडा खानेपानी व्यवस्थापन बोर्डबाट जनहितमा जारी सन्देश

- ✓ सफा पानी पिऔं, स्वस्थ बनौं ।
- ✓ पानी र सरसफाई सभ्यताको जननी हो ।
- ✓ खाना खानु अघि साबुन पानीले राम्ररी हात धोऔं ।
- ✓ थोपा थोपा पानीको सदुपयोग गरौं ।
- ✓ विकासको पूर्वाधार स्वच्छ खानेपानी तथा सरसफाई ।
- ✓ घर, आँगन टोल सफा राखी सभ्य नागरिकको परिचय दिउँ ।
- ✓ समयमै खानेपानी महशुल भुक्तानी गरी जरिवानाबाट बचौं ।
- ✓ कही कतै पाइप फुटी पानी चुहावट भएको देखिएमा कार्यालयमा जानकारी दिनु होला ।

**हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड**
**हेटौंडा, मकवानपुर**
फोन नं.: ०५७-५२०३१३,
इमेल: hwsmboard@gmail.com वेब: hwsmboard.org.np

## हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, सहयोगी, शुभचिन्तक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**भुटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय, परिवार**

**हेटौंडा, मकवानपुर**

## हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, सहयोगी, शुभचिन्तक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

इश्वर प्रसाद लामिछाने (प्रिन्सिपल)
एवम्

**जी.एस. निकेतन मा.वि., परिवार**

**हेटौंडा, मकवानपुर**

## हार्दिक शुभकामना

नेपालीहरुको राष्ट्रिय महान् चाड वडादशैं तथा विजयादशमी २०८२, तिहार तथा शुभ दिपावली, छठ पर्व र नेपाल सम्बत् ११४६ को पावन अवसरमा यस विद्यालयका समस्त विद्यार्थी, शिक्षक-शिक्षिका, कर्मचारी, अभिभावक साथै सम्पूर्ण शुभेच्छुक र सुभचिन्तक महानुभावहरुमा ज्ञानोदय बालबाटिका एकेडेमी परिवार हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ ।

प्रिन्सिपल

**ज्ञानोदय बालबाटिका एकेडेमी, परिवार**

हेटौंडा-२, संगमचोक

## हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, सहयोगी, शुभचिन्तक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**नवोदय शिशु सदन इङ्लिस बोर्डिङ स्कूल, परिवार**

हेटौंडा-४, मकवानपुर

## हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समिति पदाधिकारीहरु, कर्मचारी एवम् सहकारीकर्मी सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

चक्रधर बिडारी (अध्यक्ष) एवम्

**हाम्रो गोर्खा बचत तथा ऋण सहकारी संस्था लि., परिवार**

हेटौंडा, मकवानपुर

## हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समिति पदाधिकारीहरु, कर्मचारी एवम् सहकारीकर्मी सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**ॐ आरोग्य उपभोक्ता बचत तथा ऋण सहकारी संस्था लि., परिवार**

हेटौंडा-४, मकवानपुर

## हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समिति पदाधिकारीहरु, कर्मचारी एवम् सहकारीकर्मी सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मिठाराम दाहाल (अध्यक्ष) एवम्

**नमुना प्रगति बचत तथा ऋण सहकारी संस्था लि., परिवार**

**हेटौंडा-२, मकवानपुर**

## हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समिति पदाधिकारीहरु, कर्मचारी एवम् सहकारीकर्मी सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**नवयुवा बचत तथा ऋण सहकारी संस्था लि., परिवार**

हेटौंडा-११, मकवानपुर

## हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा सम्पूर्ण यातायात व्यवसायी, पदाधिकारी, सदस्य, सहयोगी, नेपाली दाजुभाइ दिदीबहिनी, इष्टमित्र, आफन्तजन, शुभेच्छुक तथा शुभचिन्तकमा सुख, शान्ति, समृद्धि र दीर्घायुको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

हिरालाल श्रेष्ठ, अध्यक्ष एवम् सरोज खनाल, महासचिव

**नारायणी यातायात व्यवसायी संघ, परिवार**

हेटौंडा, मकवानपुर

## हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समिति पदाधिकारीहरु, कर्मचारी एवम् सहकारीकर्मी सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नारायण प्र. देवकोटा (अध्यक्ष) एवम्

**जिल्ला सहकारी संघ लि. परिवार**

हेटौंडा, मकवानपुर

## हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समिति पदाधिकारीहरु, कर्मचारी एवम् सहकारीकर्मी सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**साइराम बचत तथा ऋण सहकारी संस्था लि., परिवार**

**हेटौंडा-२, मकवानपुर**

## हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, सहयोगी, शुभचिन्तक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**तुलसी मेहर मेमोरियल मा.वि./ नारायणी कलेज, परिवार**

हेटौंडा-१०, मकवानपुर

## हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समिति पदाधिकारीहरु, कर्मचारी एवम् सहकारीकर्मी सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

*हामी कहाँ विवाह, ब्रतबन्ध तथा शुभ कार्यका लागि चाहिने दूध, दही तथा दूधजन्य परिकार सुपथ मुल्यमा पाइन्छ ।*

हरिप्रसाद कँडेल
(अध्यक्ष)

**मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघ, परिवार**

**हेटौंडा-१, चौकीटोल**

## हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समिति पदाधिकारीहरु, कर्मचारी एवम् सहकारीकर्मी सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

डा. गणेश बल लामा (अध्यक्ष) एवम्

**दिव्यतारा बहुउद्धेश्यीय सहकारी संस्था लि., परिवार**

**हेटौंडा, मकवानपुर**

## हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समिति पदाधिकारीहरु, कर्मचारी एवम् सहकारीकर्मी सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

इन्द्रबहादुर बस्नेत (अध्यक्ष) एवम्

**हेटौंडा बचत तथा ऋण सहकारी संस्था लि., परिवार**

**हेटौंडा, मकवानपुर**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना